आज मिति २०८० चैत्र १ गते बिहिबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा ४३ औ कार्यपालिका बैठक बस्यो ।

<u>उपस्थिती</u>

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछान) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | गिता |
| २८ | श्री मुकुन्द शर्मा | सदस्य सचिव | |

CS CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८०।१२।०१ गतेको कार्यपालिका बैठकको विषयसुची

१) वडा नं ७ स्थित माटो उत्खन सम्बन्धमा ।
२) फोहोरमैला व्यवस्थापनको अल्पकालिन जग्गा व्यवस्थापन सम्बन्धमा ।
३) कुहिनुर वायर एण्ड स्टील इण्डस्ट्रिज प्रा.ली को व्यवसाय कर सम्बन्धमा ।
४) नगरबाट हाल सम्म निर्माण भएका कानूनमा आवश्यक संशोधन सम्बन्धमा ।
५) आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

देवचुली नगरपालिकाको मिति २०८०।१२।०१ गतेको कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१) देवचुली नगरपालिका वडा नं ७ स्थित श्री डोलराज सुवेदी,राम प्रसाद सुवेदी, तारा सुवेदी, रुपा सुवेदी, होमनाथ न्यौपाने को नाममा दर्ता कायम कि.न ९३५,८२२,९३६,८२३,८२५,१४१९, ६७२, ६७३, १८०, ७१७, ८२४, ८२१, ८२७, ६७६ क्षेत्रफल ०-२४-१४ बाट स्वीकृत IEE प्रतिवेदनको आधारमा २१०७५ घ .मि माटो उत्खनन गरी ओसारपसार गर्ने कार्यको लागि ३८ औ कार्यपालिका बैठक निर्णय बाट रमणीय रुवी भ्याली कम्पनीसँग सम्झौता गरी अनुमति दिईएकोमा सोही बमोजिम माटो उत्खनन कार्य सुरु भएकोमा हाललाई उक्त माटो उत्खनन कार्य स्थगन गर्ने निर्णय गरी उक्त कम्पनी लाई जानकारी गराउने निर्णय गरियो ।

२) देवचुली नगरपालिकाले नगरबाट उत्सर्जन भएको फोहोरमौला व्यवस्थापन गर्दै आएको वडा नं १३ वडा कार्यालय परिसर नजिकैको ठाँउमा खाल्टो पुरिएको तथा आगामी दिनमा फोहोर विसर्जन गर्न नमिल्ने अवस्था सृजना भएकोले देवचुली नगरपालिका वडा नं २ मा रहेको साविक सिसवार ५ ख कि.नं १२ को करिव २ विघा क्षेत्रफलमा अल्पकालिन रुपमा फोहरमौला व्यवस्थापन गर्नको लागि जग्गाको नाप जाँच तथा प्रकृति एकिन गर्न नापी कार्यालय कावासोतिमा अनुरोध गर्ने निर्णय गरियो ।

३) देवचुली नगरपालिका वडा नं ५ को मिति २०८०।११।२० गतेको पत्रबाट वडा नं ५ मा रहको कुहिनुर वायर एण्ड स्टिल इण्डस्ट्रिज प्रा.ली को व्यवसाय कर निर्धारणको लागि पत्राचार भएकोमा उक्त कम्पनिको गत आर्थिक वर्षको सम्पति तथा दायित्व विवरण र विगतमा समेत मझौला उद्योगको रुपमा रही दर्ता तथा नविरकण भएकोले सोही अनुसार मझौला उद्योग अन्तर्गतको राजश्व रकम रु ६०,५००। कायम हुने गरी नविकरण गर्ने निर्णय गरियो ।

४) देवचुली नगरपालिकबाट हाल सम्म निर्माण भएका ऐन, नियमावली, कार्यविधि, मापडण्ड लागायतका कानूनको संशोधनको लागि देवचुली नगरपालिकाको विद्यायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

५) आर्थिक विकास समितिको मिति २०८०।११।२९ गतेको , साईलेज उद्योग संचालनको लागि निजी संघ संस्था तथा सहकारीहरुलाई सूचना आवह्वान गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत